**तिलोत्तमा नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड २) तिलोत्तमा, माघ महिना ५ गते २०७५ साल (अतिरिक्ताङ्क ३४**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०७५ सालको कार्यविधि नं. २५

## कार्यविधिको नाम : "तिलोत्तमा नगरपालिका अन्तरगत संचालन हुने बाली तथा पशु संरक्षण राहतकोष कार्यान्वय कार्यविधि, २०७५"

**प्रस्तावना** : कृषि क्षेत्रलाई तुलनात्मक रुपमा बढी जोखिमपूर्ण क्षेत्रको रुपमा लिईन्छ । अधिकाशं जनताले कृषिलाई जीविकोपार्जन तथा रोजगारीको प्रमुख श्रोतको रुपमा लिईरहेको अवस्थामा यस क्षेत्रलाई बढी संरक्षणको आवश्यकता रहन्छ । बर्षै पिच्छे बाली नाली, पशुपंक्षी तथा कृषिका भौतिक संरचनाहरु बिभिन्न प्रकारका मानवीय घटना, रोग, कीरा, मुसा, चरा, जङ्गली जनावार तथा प्राकृतिक प्रकोपबाट नोक्सानी हुँदै आईरहेको छ । यसबाट कृषकहरुलाई प्रत्यक्ष रुपमा असर परेको छ भने नगरपालिकालाई पनि ठूलो क्षती हुने गरेको छ । बिशेषगरी जलवायु परिवर्तनबाट सृजित घटनाहरु जस्तै आकस्मिक खडेरी, बाढी, पहिरो, नदी कटान तथा डुवान, भूकम्प, अतिबृष्टि, अनाबृष्टि, असिना, हावाहुरी रोग कीरा आदिले बाली तथा पशु पन्छीको उत्पादनमा असर परेको छ । यस्ता घटनाले कृषकहरुलाई निरास पारेको हुन्छ र उनीहरु कृषिलाई निरन्तर रुपमा अगाडि

बढाउन सक्दैनन् । यस्तो अवस्थामा कृषकहरुलाई नगरपालिका मार्फत राहत तथा क्षतिपूर्तीको रुपमा केही रकम उपलब्ध गराई हौसला दिएमा ठूलो राहत महशुस गर्ने थिए । यस सन्दर्भमा नगरबासी कृषकको बाली बस्तुमा हुने आर्थिक क्षतिमा क्षतिपूर्ती प्रदान गर्ने कार्य व्यवस्थित तथा सरलीकरण गर्न आवश्यक भएकाले तिलोत्तमा नगरपालिकाले यो कार्यबिधि तयार पारी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधको नाम "**तिलोत्तमा नगरपालिका मार्फत संचालन हुने बाली तथा पशु संरक्षण राहतकोष कार्यान्वयन कार्यविधि, २०७५**" रहेको छ।

ख. यो कार्यविधि तिलोत्तमा नगरपालिकाको नगरकार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट तिलोत्तमा नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

क. "**अनुगमन तथा निरीक्षण समिति**" भन्नाले नगरपालिकाको प्रमुखको संयोजकत्वमा रहेको बाली तथा पशु संरक्षण राहतकोष कार्यान्वयनको लागि गठन भएको अनुगमन तथा निरीक्षण समिति सम्झनु पर्दछ ।

ख. "**आयोजना**" भन्नाले कार्यक्रमको लागि पेश गरेको बिस्तृत योजना सम्झनु पर्दछ ।

ग. "**कार्यबिधि**" भन्नाले तिलोत्तमा नगरपालिका मार्फत संचालन हुने बाली तथा पशु संरक्षण राहतकोष कार्यनवयन कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

घ. "**कार्यालय**" भन्नाले तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रुपन्देही सम्झनु पर्दछ ।

ङ. "**कृषि**" भन्नाले खाद्यान्न बाली, नगदेबाली, तरकारी बाली, फलफूल बाली, च्याऊ खेती, माछा तथा पशु पन्छी आदिको खेती/पालन, प्रशोधन, बस्तु बिबिधिकरण तथा बजारीकरण जस्ता कृयाकलापहरु सम्झनु पर्छ ।

च. "**नगरपालिका**" भन्नाले तिलोत्तमा नगरपालिका सम्झनु पर्छ ।

छ. **"पन्छी"** भन्नाले कुखरा, टर्की, अष्ट्रिज, बट्टाई, हाँस आदि चरा सम्झनु पर्छ ।

ज. **"पशु"** भन्नाले सबै प्रकारको जीवजन्तु जसलाई कृषकहरुको आयस्रोतको लागि पालिएको हो भनि सम्झनु पर्छ ।

झ. **"बाली"** भन्नाले कृषकहरुले लगाएका कृषिजन्य बालीहरु जस्तै खाद्यान्न, तरकारी, फलफूल, फूल, च्याऊ, मौरी, रेशम, माछा, आदि सम्झनु पर्छ ।

ञ. **"बैठक"** भन्नाले नगरकार्यपालिकाको बैठक सम्झनु पर्दछ ।

ट. **"राहतकोष"** भन्नाले बाली तथा पशुमा हुन गएको क्षतिको लागि उचित व्यवस्थापनको लागि छुट्टाएको कोष वा कार्यक्रम बजेट सम्झनु पर्छ ।

ठ. **"समिति"** भन्नाले बाली तथा पशु संरक्षण राहत कोष कार्यक्रम कार्यान्वयनको लागि नगर प्रमुखको संयोजकत्वमा रहेको अनुगमन, मूल्याङ्कन तथा छनौट समिति सम्झनु पर्छ ।

ड. **"संरक्षण"** भन्नाले बाली तथा पशुमा लाग्ने रोग, कीरा, प्राकृतिक प्रकोपबाट बचाउनुका साथै भविष्यमा हुने क्षतिको न्युनिकरण गर्ने कृयाकलापहरु बिझिन्छ।

ढ. **"क्षति"** भन्नाले कुनै पनि रोग, कीरा, दाना नलाग्ने, नउम्रने, जङ्गली जनावर, बाढीपहिरो, डुबान, खडेरी, भुकम्प आदि बाट हुने आर्थिक नोक्सानीलाई बुझिन्छ।

**३. उद्देश्यः**

क. यस नगरपालिकामा आकस्मिक प्राकृतिक प्रकोप तथा घटनाहरु जस्तै बाढी, पहिरो, खडेरी, डुवान, नदीकटान, भूकम्प, सुनामी, आधिवेरी, रोग, कीरा जस्ता कारणबाट कृषकहरुको आर्थिक क्षतिको भारलाई कम गर्ने ।

ख. कृषिमा लगानी गरी व्यवसायिक रुपमा अगाडि बढीरहेका कृषकहरुलाई हौसला प्रदान गरि पेशालाई निरन्तर रुपमा अगाडि बढ्न प्रेरित गर्ने ।

## परिच्छेद २
## राहतकोष कार्यक्रम संचालन प्रक्रिया

**४. बाली तथा पशु संरक्षण राहत कोष कार्यक्रम सञ्चालन बिधि**

**४.१ निवेदन दिने तथा कोष वितरण विधि**

क) पिडित पक्षले निवेदन पत्र, संक्षिप्त व्यवसायिक बिवरण, सम्बन्धित वडा कार्यालयको सिफरिस पत्र र संभव भएसम्म बाली तथा पशुपन्छीको क्षती भएको फोटो सहित कार्यालयमा निवेदन दर्ता गर्नु पर्दछ ।

ख) निवेदन दर्ता गर्दा कार्यालयमा कुनै पनि शुल्क लाग्ने छैन ।

**४.२ कार्यक्रम संचालन प्रकृयाः**

क. बाली तथा पशु संरक्षण राहत कोष कार्यक्रम संचालनको लागि प्राप्त निवेदनको अनुगमन, मुल्याङ्कन तथा छनौट गर्नका लागि एक समिति गठन गरिनेछ ।अनुगमन, मुल्याकंन तथा छनौट समिति निम्न अनुसार रहेको छः-

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| नगरपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक | सदस्य |
| समितिले मनोनयन गरेको विज्ञ सदस्य | सदस्य |
| समितिले मनोनयन गरेको एक जना व्यवसायिक कृषक | सदस्य |
| नगरपालिका कृषि शाखा प्रमुख | सदस्य सचिव |

ख. निवेदनहरुमाथि बाली तथा पशु संरक्षण राहतकोष कार्यक्रम अनुगमन, मुल्याँकन तथा छनौट समितिले मुल्याङ्कन गरी लाभग्राही छनौट गर्नेछ ।

ग. मूल्याङ्कनको आधारमा संकलन गरिएका पिडित कृषकहरु छनौट गरी राहतकोष बितरणका लागि यसै समितिले एक सूचना प्रकाशन गर्न सक्नेछ । सूचनामा लाभग्रहीको नाम तथा निजले प्राप्त गर्ने राहात रकम उल्लेख भएको हुनुपर्नेछ ।

घ. कृषकहरुलाई समयमै क्षतिपूर्ती प्रदान गर्नको लागि समितिले क्षतिपूर्ती रकम वा राहत सामग्री सम्बन्धित वडा मार्फत वितरण गर्न सक्नेछ ।

ङ. आवश्यक भएमा वडाअध्यक्षको संयोजकत्वमा पाँच सदस्यिय वडा स्तरीय राहत वितरण समिति बनाउन सकिनेछ ।

**४.३ राहत कोष**

राहत अनुगमन, मूल्याङ्कन तथा छनौट समितिले कोषलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न देहायका आधारमा मूल्याङ्कन गर्न सक्नेछ ।

क) खडा बालीको आकस्मिक क्षति भएको अवस्थामा बीउ, बेर्ना, बिषादी, मल, कृषि चुन, माछाभुरा, औजार- उपकरण खरिदको लागि प्रति बिघाहा बढिमा रु.८००० (आठ हजार रुपैया) राहत स्वरुप वितरण गर्न सक्नेछ ।

ख) प्लास्टिक घर भित्र आकस्मिक क्षति भएको खण्डमा प्रति ६० वर्गमिटरको प्लास्टिक घरको लागि बढिमा रु.२००० (दुई हजार रुपैया) राहत स्वरुप वितरण गरिने छ।

ग) च्याउ खेतीको प्लास्टिक घरमा आकस्मिक क्षति भएको खण्डमा प्रति ६० वर्गमिटरको प्लास्टिक घरको लागि बढिमा रु.२००० (दुई हजार रुपैया) राहत स्वरुप वितरण गरिने छ ।

घ) बीमा गरिएको बालीको हकमा क्षतिपूर्ती स्वरुप बीमा कम्पनी मार्फत रकम भुक्तानी हुने भएकाले क्षति रकम प्रदान गरिने छैन । यदी झुटो बिवरण दिएमा कानून बमोजिम कार्यवाही हुनेछ ।

ङ) मौरी घारको हकमा प्रति मौरी घार १५०० क्षतिपूर्ती प्रदान गरिनेछ ।

च) रोगकीरा तथा अन्य सम्भावित क्षति हुन सक्ने समयलाई मध्यनजर गरी राहत अनुगमन समितिले राहत सामग्री अग्रीम रुपले खरिद गरि राख्न सक्नेछ ।

छ) व्यक्तिगत लाभग्राहीको हकमा कम्तिमा दुई कठ्ठा क्षेत्रफलमा क्षती भएको हुनुपर्ने छ । प्लास्टिक टनेलको हकमा न्युनतम २ टनेल (१२० बर्ग मी, माछा पोखरीको हकमा कम्तिमा दुई कठ्ठा, मौरीको हकमा व्यवसायिक घारमा ५ मौरी घार, घाँस

खेतीको हकमा कम्तिमा ५ कठ्ठा, बीउ उत्पादनको हकमा कम्तिमा दश कठ्ठा, च्याऊ घरको हकमा कम्तिमा २०० बर्ग मिटरको च्याउ घरमा क्षती भएको हुनुपर्नेछ । पशुको हकमा एक गाई/भैंसी, दुई भेडा/बाख्रा पन्छीको हकमा कम्तिमा ५० पन्छी क्षती भएको हुनुपर्नेछ ।

ज) एक गाई/भैंसी पूर्णरुपले क्षति भएको अवस्थामा ५ हजार, भेडा/बाख्राको हकमा २ हजार तथा कुखुराको हकमा प्रति पचास पाचँ हजार राहत स्वरुप प्रदान गर्न सकिनेछ ।

झ) राहात कार्यक्रममा बिपन्न घरपरिवार तथा कृषिलाई प्रमुख पेशाको रुपमा लिएका र अन्य आयश्रोत नभएका कृषकलाई प्राथमिकता दिनुपर्नेछ ।

**आज्ञाले**
**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मितिः २०७५/१०/५**